*Kathmandu School of Law*
काठमाडौं स्कुल अफ ल
सूर्यविनायक-४, भक्तपुर
फोन : ६६३४४५५
*www.ksl.edu.np*

# सेमिनार, रिसर्च पेपर, आन्तरिक मूल्याङ्कन परीक्षा, मुटकोर्ट लेखन, अनुसन्धान कार्यशाला, ट्रम पेपर, आवासीय कक्षा विनियमावली, २०७७

**(For BA LL.B. and LL.M.)**

## १. नाम र प्रारम्भ

यो विनियमावलीको नाम सेमिनार, रिसर्च पेपर, आन्तरिक मूल्याङ्कन परीक्षा, मुटकोर्ट लेखन, अनुसन्धान कार्यशाला, ट्रम पेपर, आवासीय कक्षा विनियमावली, २०७७ (**सोही प्रकारको विनियमावली २०६६ मा परिमार्जन तथा संशोधन**) रहेको छ । यो विनियमावली काठमाडौं स्कुल अफ ल को प्राध्यापक बैठक ( Professors' Meeting) र /वा व्यवस्थापन समिति (Management Committee) ले पारित गरेको मितिदेखि लागु हुनेछ ।

## २. परिभाषा

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा

(क) **सेमिनार** भन्नाले स्नातकोत्तर तह (LL.M.) को "Human Rights and Gender Justice" र "Criminal Law and Justice" विषयमा दोस्रो वर्षमा विद्यार्थीहरूले तयार पारी प्रस्तुतीकरण पश्चात् मूल्याङ्कनको लागि पेस गर्नुपर्ने ५० अङ्क कार्यभार भएको विषयलाई जनाउँछ ।

(ख) **रिसर्च पेपर** भन्नाले विद्यार्थीहरूले स्नात्तकोत्तर तहमा (LL.M.) कक्षामा दिइने प्रशिक्षणका अतिरिक्त अनुसन्धान गरी कक्षामा प्रस्तुति पश्चात् मूल्याङ्कनको लागि पेस गर्नुपर्ने हालसम्म टर्म पेपर (Term Paper) भनी आएको २० अङ्क कार्यभार भएको विषयलाई जनाउँछ ।

(ग) **आन्तरिक मूल्याङ्कन** भन्नाले स्नातक (BA LL.B.) तथा स्नातकोत्तर (LL.M.) तहमा स्कुलबाट लिइने २० अङ्कको कार्यभारको आन्तरिक मूल्याङ्कनलाई जनाउँछ ।

(घ) **मुटकोर्ट** भन्नाले स्नातक (BA LL.B.) तहमा कानुनी लिखतको प्रशिक्षण प्राप्त गरी स्कुलले दिएको मुद्दामा मिसिल तयार गरी मूल्याङ्कनको लागि पेस गर्नुपर्ने ५० अङ्क कार्यभार भएको मिसिललाई जनाउँछ ।

(ङ) **स्कुल अथवा कलेज** भन्नाले काठमाडौ स्कुल अफ ल लाई जनाउँछ ।

## ३. सेमिनार

स्नातकोत्तर तह (LL.M.) अन्तर्गत "Human Rights and Gender Justice" र "Criminal Law and Justice" विषयमा दोस्रो वर्षमा अनुसन्धान गरी १०,००० शब्द सीमाभित्र रही विद्यार्थीहरूले एक कार्यपत्र (Seminar Paper) कक्षामा प्रस्तुत गर्नुपर्ने छ ।

यस सिलसिलामा पहिलो त्रैमासिक (First Term) परीक्षा मिति अगावै विद्यार्थीहरूले सेमिनार पत्रको Introduction, Rationales of the Study, Review of Literature, Methodology of Study को मस्यौदा स्कुल समक्ष पेस गर्नुपर्ने छ । दोस्रो त्रैमासिक (Second Term) परीक्षाको मिति अगावै Data Collection र Content Analysis स्कुल समक्ष प्रस्तुत गर्नुपर्ने छ । तेस्रो त्रैमासिक (Third Term) परीक्षा अगावै विद्यार्थीहरूले Findings र Conclusion सहित सम्पूर्ण कार्यपत्र कक्षामा प्रस्तुत गर्नुपर्ने छ । कक्षामा उठेको छलफल र सुझाव समेतलाई विचार गरी आवश्यक भए संशोधन गरी विद्यार्थीहरूले कार्यपत्र Seminar Paper लाई अन्तिम स्वरूप दिई स्कुलले तोकेको अन्तिम मितिभित्रै बाह्य मूल्याङ्कन (External Evaluation) को लागि बुझाउनु पर्नेछ । कार्यपत्र (Seminar Paper) काठमाडौं स्कुल अफ ल को website मा www.ksl.edu.np मा उल्लेखित KSL Comprehensive Style to Legal Citation, 2077 को परिपालना गरी लेखिएको हुनुपर्नेछ । यसको कार्यभार ५० अङ्कको रहेको छ । यसमा ५० अङ्कको (Internship Report) इर्न्टसिप रिपोर्ट जोडी यो विषय १०० अङ्क भारको रहेको छ ।

## ४. अनुसन्धान पत्र (Research Paper)

स्नातकोत्तर (LL.M.) तहको प्रथम तथा द्वितीय वर्षमा प्रत्येक विषयमा एक-एक वटा अनुसन्धान पत्र (Research Paper) (हालसम्म Term Paper भनी आएको) विद्यार्थीले तयार गरी तेस्रो त्रैमासिक (Third Term) परीक्षाको मिति अगावै कक्षामा प्रस्तुत गरी सो को मस्यौदा स्कुलमा पेस गर्नुपर्नेछ र यसलाई अन्तिम स्वरूप दिई स्कुलले तोकेको अन्तिम मितिभित्र बाह्य मूल्याङ्कन (External Evaluation) का निमित्त पेस गर्नुपर्नेछ । यसको कार्यभार २० अङ्कको रहेको छ । यसको लेखन र प्रस्तुति विधि सेमिनार पत्र कै जस्तो रहनेछ । यस्तो अनुसन्धान पत्र २५०० देखी ३००० शब्दको सिमाभित्र हुन्गरी लेख्नुपर्ने छ । अनुसन्धान विभागले यस तहका सबै शिक्षकसँग समन्वयगरी अगामी वर्षभित्र यसको बृस्तित र उन्नत खाका समेत निर्माण गर्नेछ ।

## ५. आन्तरिक मूल्याङ्कन परीक्षा (Internal Evaluation Examination)

स्नातकोत्तर (LL.M.) तहमा लिखित वा कार्यपत्र लेख्न लगाई तीनवटा आन्तरिक मूल्याङ्कन गरिनेछ । प्रथम त्रैमासिक (First Term) परीक्षा र दोस्रो त्रैमासिक (Second Term) परीक्षा ३०-३० अङ्क भारको एक घण्टा तीस मिनेट समयको हुनेछ । कार्यपत्र लेख्न लगाएको वा अन्य कुनै बौद्धिक योगदानका काम गरेको प्रतिवेदन (Report) पनि स्कुलले लिखित आन्तरिक परीक्षाको विकल्पको रूपमा स्वीकार गर्न सक्नेछ । तेस्रो त्रैमासिक (Third Term) परीक्षा ६० अङ्क भारको र तीन घण्टा समय अवधिको विश्वविद्यालयले लिने वाह्य परीक्षा (External Examination) सरह कै ढाँचाको हुनेछ ।

BA LL.B. तहमा पनि प्रथम त्रैमासिक (First Term), दोस्रो त्रैमासिक (Second Term) र तेस्रो त्रैमासिक (Third Term) गरी ३ वटा आन्तरिक मूल्याङ्कन परीक्षा हुनेछ । प्रथम त्रैमासिक (First Term) परीक्षा ४० अङ्क भारको १:३० घण्टाको हुनेछ । दोस्रो त्रैमासिक (Second Term) परिक्षाको हकमा विद्यार्थीले Term Paper वा Essay Paper अनुसन्धानमूलक शैलीमा लेखी परीक्षा शाखामा बुझाएपछि सम्बन्धित विषय-शिक्षकको परामर्शमा कक्षामा प्रस्तुत गर्नुपर्नेछ । विद्यार्थीको प्रस्तुति र लेखन दुवै कुरालाई विचार गरी शिक्षकले मूल्याङ्कन गर्नेछन् । यसको प्रथम त्रैमासिक (First Term) को जस्तै ४० अङ्कको कार्यभार रहनेछ । तेस्रो त्रैमासिक (Third Term) परीक्षा ८० अङ्क भारको विश्वविद्यालयले लिने बाह्य परीक्षाकै ढाँचामा ३ घण्टा समयावधिको हुनेछ । यसरी भएको तीनवटै आन्तरिक

परीक्षाको मूल्याङ्कन को पूर्णाङ्क र प्राप्ताङ्क जोडी त्यसलाई २० पूर्णाङ्कमा रूपान्तरण गरिनेछ । यसरी पाएको अङ्क नै विद्यार्थीको अन्तिम आन्तरिक मूल्याङ्कन हुनेछ । यही अङ्क विश्वविद्यालयमा अभिलेखको निमित्त पठाइनेछ । तर अनुत्तीर्ण भएकाको अङ्क पठाउन आवश्यक नहुँदा पठाइने छैन ।

BA LLB को हकमा Term Paper वा Essay Paper को स्वरूप वर्षगत रूपमा निम्न बमोजिम हुन सक्नेछ ।

**क)** **प्रथम र द्वितीय वर्ष**: निवन्धात्मक स्वरूपको ढाँचामा विद्यार्थीले कुनै पनि एउटा अन्तिम निष्कर्ष निकाल्ने गरी विश्लेषणात्मक लेखन तयार गर्नुपर्ने । १५०० देखी २००० शब्दभित्र रही उसको अन्तिम तर्कलाई सघाउने कम्तिमा ५ सहायक तर्क अथवा अवधारणा समावेश भएको हुनुपर्ने । सहायक तर्कका लागि व्यक्तिगत व्याख्याका अलवा समाजमा स्थापित रहेका जीवन्त उदाहरण, अन्य लेखका कृतिबाट अवधारणा तथा तथ्यांक संकलन एवं न्यायलयबाट भएका सरोकारवाला केसका निर्णय अथवा उदाहरणहरूलाई लिनुपर्ने । उनीहरूको लेखनमा अवधारणा अथवा परिचय (मुख्य शव्दावलीको व्याख्या तथा अध्ययन गर्न मनलागेको कारण गरी बढिमा ३०० शब्दमा), मुख्य शब्दावली (बढिमा ५ वटा), विश्लेषण (मुख्य निष्कर्षलाई सघाउने ४ सहायक तर्कहरूको व्याख्या, उदाहरण, सर्न्दभ, तथ्यांक, केस गरी बढिमा १५०० शब्द) र निष्कर्ष (बढिमा ५० शब्द) हुनु पर्ने । अथवा विषय शिक्षकले आवश्यकता अनुसार परिमार्जन गर्न र अन्य रचनात्मक कार्य गर्न लगाउन सक्ने ।

**ख)** **तृतिय वर्ष** : कक्षामा अध्ययन गरेका विषयका आधारमा कुनै सम्भावित शिर्षकमा शोधपत्र (Dissertation) तयारी, प्रस्तुति तथा मूल्याङ्कन विनियमावली, २०७७ मा व्यवस्था गरिए बमोजिमको शोध प्रस्तावना तयार गर्नुपर्ने । अथवा विषय शिक्षकले आवश्यकता अनुसार परिमार्जन गर्न र अन्य रचनात्मक कार्य गर्न लगाउन सक्ने ।

**ग)** **चौथो र पाँचौ वर्ष** : चौंथो र पाँचौं वर्षका विद्यार्थीको हकमा कुनै एक विषयवस्तु उठान गरी कम्तिमा परिचय, अध्ययनको आवश्यकता, पूर्वकार्य समिक्षा, अध्ययनको विधी, अध्ययनले निकालेको निष्कर्ष, सुझाब समेत राखी, पुर्ण शोधपत्रको मध्ये संक्षिप्त स्वरूप हुने गरी बढिमा ३५०० शब्द सम्मको Term Paper तयार गर्ने । अथवा विषय शिक्षकले आवश्यकता अनुसार परिमार्जन गर्न र अन्य रचनात्मक कार्य गर्न लगाउन सक्ने ।

अथवा विषय शिक्षकले विद्यार्थीहरूलाई समुहमा विभाजन गरी समुहगत रूपमा समेत Term Paper वा Essay Paper तयार गर्न लगाउन सक्नेछ । यसरी तयार गरिएका Term Paper वा Essay Paper हरूलाई सम्वन्धित विषय शिक्षकले समय अनुकुलता अनुसार सम्भव भएसम्म कक्षामा प्रस्तुतिकरण गराएर मुल्यांकन गरी दोश्रो त्रैमासिक परीक्षाको प्राप्तांक परीक्षा शाखामा तेश्रो त्रैमासिक परीक्षा हुनुभन्दा अगावै बुझाउनु पर्नेछ ।

आन्तरिक मूल्याङ्कनमा अनुत्तीर्ण विद्यार्थीले अर्को वर्ष अरू विद्यार्थी सरह पुनः आन्तरिक मूल्याङ्कन परीक्षा दिनुपर्नेछ । विद्यार्थीहरूले स्नातकोत्तर (LL.M.) तहमा ५०% अङ्क

प्राप्त गरी (अर्थात् २० पूर्णङ्कमा १० अङ्क प्राप्त गरी र स्नातक (LL.B.) तहमा ३५% ( अर्थात २० पूर्णाङ्कमा ७ अङ्क प्राप्त गरी) अनिवार्यरूपमा आन्तरिक मूल्याङ्कन परीक्षा उत्तीर्ण हुनुपर्नेछ । आन्तरिक मूल्याङ्कन परीक्षामा उल्लेखित अङ्क प्राप्त नगरी असफल हुने विद्यार्थीले विश्वविद्यालयबाट लिइने बाह्य परीक्षाको फारम भरिसकेको भए पनि सो परीक्षामा बस्न पाउने छैन । बसिहालेको भेटिए पनि निजको बाह्य परीक्षा रद्द हुनेछ । यद्यपि विद्यार्थीले चित्त बुझ्दो कारण सहित पुन आन्तरिक मुल्यांकान बापतको परिक्षा दिन पाँउ भनि निवदेन दिएमा र विषयगत शिक्षकबाट उक्त कुरा प्रमाणित भई कक्षा संयोजक मार्फत परीक्षा शाखाले आवश्यक प्रकृया पुरा गरी सोही वर्ष कम्तिमा एक पटक पुन आन्तरिक परीक्षामा सामले हुन सक्नेछ । तर यो उसको अधिकार नभै अति आवश्यक परेको अवस्थाको सुविधामात्र हो ।

## ६. मुटकोर्ट

स्नातक (BA. LL.B.) तहका विद्यार्थीले स्कुलले तोकिदिएको मुद्दामा अदालती कागजपत्र तयार गरी मिसिल सामेल राख्नुपर्नेछ । तेस्रो त्रैमासिक (Third Term) परीक्षा अगावै मुद्दाको सम्पूर्ण कागजपत्र सहितको फाइल स्कुलले तोकेको मितिभित्र बुझाई सक्नु पर्नेछ । यस्तो मिसिल बाह्य परीक्षाको प्रयोजनका निमित्त ५० अङ्क भारको हुनेछ ।

## ७. अनुसन्धान कार्यशाला

विद्यार्थीहरूमा अनुसन्धानात्मक तथा तार्किक लेखन सिप अभिवृद्धि गर्न वर्षगत रूपमा निम्नानुसारका कार्यशालाहरू संचालन गरिने छ ।

**क)** **प्रथम वर्ष :** अ) पत्रपत्रिकामा लेख लेखनका लागि आवश्यक पर्ने सिप शिक्षण सम्वन्धि कार्यशाला आ) वौद्धिक सम्पतिको प्रयोग तथा दुरूपयोग सम्वन्धि कार्यशाला ।

**ख)** **द्धितीय वर्षः** अनुसन्धानात्मक लेखनमा अन्य लेखकका कृति तथा बिचार उद्धरण गर्न सकिने तरिका, त्यसको मान्यता तथा त्यसलाई फुटनोट अथवा सर्न्दभसूचीमा उल्लेख गर्ने तरिका ।

**ग)** **तृतीय वर्ष :** शोध प्रस्तावना लेखन कार्यशाला, शिर्षक, उदेश्य, अनुसन्धान प्रश्न, ढाँचा, नमुना छनौट तथा तथ्यांक संकलन विधिका बारेमा ।

**घ)** **चौथो वर्ष :** पावर पोइन्ट प्रेजेन्टेसनका लागि शिर्षक निर्धारण तरिका, त्रास निवारणका उपाय, पावर पोइन्ट सामाग्री तयारी गर्ने विधि तथा प्रिजेन्टेसन कौशलको कार्यशाला गरिने छ ।

**ङ)** **पाँचौं वर्ष : प्रोफेसनल डेभेल्पमेन्ट** सम्वन्धि २१ दिने कार्यशाला

## ८. आवासीय कक्षा :

हरेक वर्षका विद्यार्थीहरूले स्कुलको नियमअनुसार कम्तिमा १ देखी बढिमा २ वटा सम्म आवासीय कक्षाहरूमा सहभागी हुनुपर्नेछ । यसको स्वरूप तथा पाठयक्रमका बारेमा क्लिनिकल एजुकेशन विभागबाट बनि आएको विनियामवली अनुसार हुनेछ ।

## ९. जरिवाना हुने

स्कुलले तोकेको मिति भित्र विद्यार्थीले बुझाउनु पर्ने सेमिनार, इन्टर्नसिप रिपोर्ट, रिसर्च पेपर, मुटकोर्ट उल्लेखित मितिमा नबुझाएमा सो मिति नाघेपछि प्रति दिनको रु. एक सयका दरले विलम्ब शुल्क तिरी उक्त कागजपत्र विश्वविद्यालय चलान नहोउन्जेलसम्म स्कुलले बुझी लिन सक्नेछ । त्यसपछि बुझाउन ल्याएको कुनै पनि सामग्री स्वीकार्य हुने छैन । विद्यार्थीले परीक्षामा भाग नलिएसरह अर्को वर्ष यस्तो सामग्री स्कुलले तोकेको मितिभित्र बुझाउन सक्नेछन् ।

## १०. संशोधन हुने

यस विनियमावलीमा आवश्यकतानुसार संशोधन गर्नुपर्ने भएमा यस स्कुलको प्राध्यापक बैठक (Professors' Meeting) र ⁄वा व्यवस्थापन समितिले विश्वविद्यलायको निर्णय⁄निर्देशिकासँग प्रतिकूल नहुने गरी आवश्यक संशोधन गर्न सक्नेछ ।

## ११. बचाउ

यस विनियमावलीमा जे सुकै लेखिएको भए तापनि पूर्वाञ्चल विश्वविद्यालयबाट सेमिनार, रिसर्च पेपर, आन्तरिक मूल्याङ्कन परीक्षा, मुटकोर्ट लेखन, अनुसन्धान कार्यशाला, ट्रम पेपर, आवासीय कक्षा कार्यविधि छुट्टै बनाई लागू गरिएको निर्देशन प्राप्त भएमा सोही बमोजिम हुनेछ ।

१२ यस विनियमावलीमा प्रस्टसँग व्याख्या हुन नसकेको कुनै विषयको वोध भएमा त्यसको निराकरण **शोधपत्र (Dissertation) तयारी, प्रस्तुति तथा मूल्याङ्कन विनियमावली, २०७७ अथवा** www.ksl.edu.np मा उल्लेखित " KSL Comprehensive Style to Legal Citation, 2077 मा उल्लेख भएको खण्डमा उक्त हदसम्म सोही अनुसार हुने र त्यहाँ पनि कुनै निश्चित प्रावधान नबताईएको अवस्थामा आवश्यकताको आधारमा पछि निर्णय गरिए बमोजिम हुनेछ ।